आज मिति २०८० कार्तिक ०१ गते दिउसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ३६ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंग बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेम बहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादर नेपाली, वडा अध्यक्ष वडा नं. ११
इन्द्रलाल गिरि, [illegible]
श्री ~~[illegible] बहादुर आड्मी~~, अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सदस्य सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारिहरु :**

श्री मान बहादुर ठाडा, लेखा अधिकृत आठौं
श्री कृष्णप्रसाद शर्मा, अधिकृत छैटौं
श्री कुल बहादुर खड्का, प्रशासन शाखा
श्री प्रकाश पौडेल, रोजगार संयोजक
श्री अनिल चपाँई, सुचना प्रविधि अधिकृत
श्री रेविका परियार, कार्यालय सहयोगी

CS CamScanner

| क्र.सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १ | NCCSP-2 का योजना सम्वन्धमा । |
| २ | योजनाहरुको म्याद थप गर्ने सम्वन्धमा । |
| ३ | एफ एम रेडियोको ईजाजतको लागि सिफारिस सम्वन्धमा । |
| ४ | स्वास्थ्य सेवाका फाजिल कर्मचारीहरुको तलब ब्यबस्थापन सम्वन्धमा । |
| ५ | विविध सम्वन्धमा । |

**मिति २०८०।०७।०१ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु:**

**प्रस्ताव नं. ०१ : NCCSP-2 का योजना सम्वन्धमा ।**

**निर्णय नं. ०१ :** यस भेरीगंगा नगरपालिकाको आ.ब. २०८०।०८१ को नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम **NCCSP-2** अन्तर्गतका तपशिल बमोजिम योजनाहरु तथा बजेट स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशिल

| क्र स | आयोजना/क्रियाकलापको नाम | उपक्षेत्र | ठेगाना | NCCSP2 योगदान (बेलायत सोधभर्ना अनुदान)रु | नगरपालिका साझेदारी रु | कुल रकम रु '००० हजारमा |
|---|---|---|---|---|---|---|
| १. | झिङ्नी खोला सिंचाई कुलाहरु मर्मत तथा तटबन्ध निर्माण | सिंचाई | भेरीगंगा ६,७,८,९ | ८००० | | ८००० |
| २. | तोलिखोला, छिन्चुखोला सिंचाई कुलाहरु मर्मत तथा तटबन्ध निर्माण | सिंचाई | भेरीगंगा ४,१०,१२ | ५००० | | ५००० |
| ३. | समैजिघाट तटबन्ध निर्माण | नदि नियन्त्रण | भेरीगंगा २ | २५०० | | २५०० |
| ४. | बुलबुले कर्के गिद्दे कुइने खोला सिंचाई कुलो निर्माण | सिंचाई | भेरीगंगा ५ | २९०० | | २९०० |
| ५. | माछेताल घ्याङखोला गोठेरी खानेपानी मर्मत | खानेपानी तथा सरसफाई | भेरीगंगा ११ | २५०० | | २५०० |
| ६. | करेले तथा मसिना कृषि क्रियाकलाप क्रमागत | कृषि क्रियाकलाप | भेरीगंगा १० र १२ | ३००० | | ३००० |
| ७. | काउले खानेपानी मर्मत सम्भार क्रमागत | खानेपानी तथा सरसफाई | भेरीगंगा ४ | १५०० | | १५०० |
| ८. | पालिका भित्र रहेका पानी मुलहरुको पहिचान तथा GIS मार्फत नक्सांकन | | भेरीगंगा | | ११०० | ११०० |
| ९. | जलवायु परिवर्तन सम्बन्धि बिभिन्न सचेतना सामग्री निर्माण तथा क्रियाकलाप संचालन | | भेरीगंगा | | ५०० | ५०० |
| १०. | आपतकालीन सेवा केन्द्रको लागि बिपत राहात तथा आपतकालीन सामग्री खरिद | | भेरीगंगा | | १५०० | १५०० |
| ११. | मौसम मापन केन्द्र स्थापना | | भेरीगंगा १२ | १५०० | | १५०० |
| १२. | NCCSP २ क्लस्टर कार्यालय भाडा | | भेरीगंगा १२ | ३१० | | ३१० |
| १३. | मर्मत सम्भार कोष स्थापना | | भेरीगंगा | ३७०० | | ३७०० |
| १४. | सेवा करार कर्मचारी | | भेरीगंगा | ८९० | | ८९० |
| १५. | अनुगमन तथा समीक्षा खर्च | | भेरीगंगा | | २०० | २०० |
| १६. | प्राबिधिक उपकरण | | भेरीगंगा | | ३०० | ३०० |
| | जम्मा बिनियोजन रकम रु | | | ३१८०० | ३६०० | ३५४०० |

CamScanner

**प्रस्ताव नं. ०२ : योजनाहरुको म्याद थप गर्ने सम्वन्धमा ।**

**निर्णय नं. ०२ :** भेरीगंगा नगरपालिकाभित्र संचालनमा रहेका तपशिल बमोजिमका योजनाहरुको म्याद २०८१ असार मसान्तसम्म थप गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशिल

१ दलित संङ्हालय भेरीगंगा ८, निर्माण ब्यबसायी श्री नेपाल मेगा लामा प्रगति सुवास जेभि

२ औद्योगिक ग्राम भेरीगंगा ११, निर्माण ब्यबसायी श्री न्यू पब्लिक कन्स्ट्रक्सन

३ मैनतडा स्वास्थ्य चौकी भेरीगंगा ८, निर्माण ब्यबसायी श्री न्यू विशाल कन्स्ट्रक्सन

४ मध्यपश्चिम विश्वविद्यालयको ल्याव भवन निर्माण भेरीगंगा ११, निर्माण ब्यबसायी श्री पूर्ण निर्माण सेवा

**प्रस्ताव नं. ०३ : एफ एम रेडियोको ईजाजतको लागि सिफारिस सम्वन्धमा ।**

**निर्णय नं. ०३:** श्री डोल्मा स्मृति सामुदायिक पुस्तकालय भेरीगंगा ८ वाट १०० वाटको रेडियो प्रसारण ईजाजत सम्वन्धी पेश भएको निबेदन बमोजिम छलफल गर्दा यस भेरीगंगा नगरपालिकाको एफ एम रेडियो (ब्यवस्थापन तथा संचालन) कार्यविधि २०७५ को दफा ७ बमोजिम ईजाजत प्रदान गर्नको लागि सोहि कार्यविधिको दफा १२ बमोजिमको समन्वय तथा अनुगमन समितिको प्रतिवेदन प्राप्त भएपछि सम्वन्धित मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ०४ : स्वास्थ्य सेवाका फाजिल कर्मचारिहरुको तलब ब्यबस्थापन सम्वन्धमा ।**

**निर्णय नं. ०४ :** भेरीगंगा नगरपालिकाका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवाका फाजिलमा रहेका कर्मचारीहरुलाई २०८० असार मसान्तसम्मको तलब भत्ता पछि सोधभर्ना हुनेगरी सशर्त अनुदानको सम्वन्धित शीर्षकवाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ०५ : विविध सम्वन्धमा ।**

**निर्णय नं. ०५ कः** यस भेरीगंगा नगरपालिकाको एफ एम रेडियो (ब्यबस्थापन तथा संचालन) कार्यविधि २०७५ को दफा १२ बमोजिमको समन्वय तथा अनुगमन समितिमा तपशिल बमोजिमका कार्यपालिका सदस्यहरु छनौट गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

| | |
|---|---|
| १ पबित्रा घर्ती | सदस्य |
| २ कर्णवहादुर मिजार | सदस्य |

**निर्णय नं. ०५ खः** यस भेरीगंगा नगरपालिकाको नदीजन्य पदार्थको ठेक्का स्वीकृत भएअनुसारको निर्माण ब्यवसायी न्यू हिमाल कन्स्ट्रक्सनसंग सम्झौता गर्ने र पट्टा जारी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

CamScanner

**निर्णय नं. ०५ ग:** यस भेरीगंगा नगरपालिकाको लेखपराजुल क्षेत्रमा विद्युतीकरण गर्न सामुदायिक विद्युतीकरणबाट ठेक्का भएको निर्माण कम्पनीको म्याद थपको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ०५ घ:** यस भेरीगंगा नगरपालिकाका सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा जीवनजल, सिटामोल लगायतका अत्यावश्यकीय औषधि अभाव भई नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न कठिनाई भइरहेको र ठेक्का प्रक्रियावाट औषधि आपुर्ती गर्दा लामो समय लाग्ने भएकोले तत्कालका लागि रु ५ लाख बरावरको औषधि पछि सोधभर्ना हुने गरी भुक्तानी दिनुपर्ने दायित्व शीर्षकवाट खरिद गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ०५ ङ** यस भेरीगंगा नगरपालिकामा संघीय सरकारवाट अनुदान प्राप्त भएको झोलुंगे पुल निर्माणका लागि नगरपालिबाट ४ लाख ५० हजार सहलगानीको रकम बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०५ च** यस भेरीगंगा नगरपालिकामा रहेको रोजगार शखा अन्तर्गत स्थानिय निर्देशक सिमितिको मिति २०८०।६।३० गतेको निर्णयलाइ अनुमोन गर्ने र सोहीअनुसार कार्यक्रम सन्चालन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।